# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ४) पाडुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल चैत्र ११ गते २०७८ (संख्या ६**

## भाग २

## स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४ (पहिलो) संशोधन सम्बन्धी सूचना ।

वैतेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७८।१०।०७ गतेको बैठकको निर्णयानुसार वैतेश्वर गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४ को देहाय बमोजिम पहिलो संशोधन गरी यो सूचना प्रकाशन गरिएको छ ।

१.दफा १८ र अनुसूची ७ थप गरिएको:

**१८.उपभोक्ता समिति दर्ता:** (१) विभिन्न निकायहरुबाट माग भए बमोजिम वैतेश्वर गाउँपालिकामा संचालन हुने योजनाको कार्यान्वयनमा सहजता ल्याउन उपभोक्ता समिति दर्ता गरी प्रमाणपत्र दिन सकिनेछ ।

(२) उपभोक्ता समितिको दर्ता प्रमाणपत्र अनुसूची ७ बमोजिम हुनेछ ।

(अनुसूची ७)

वैतेश्वर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पाडुडाँडा, दोलखा

बागमती प्रदेश, नेपाल ।

## उपभोक्ता समिति प्रमाण–पत्र

दर्ता नं.ः

वैतेश्वर गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४ को परिधिभित्र रही कार्य गर्ने गरी श्री........................................................................................................................ लाई उपभोक्ता समितिको रूपमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

प्रमाण-पत्र जारी गर्नेको

दस्तखत:

मिति:

आज्ञाले

गणेश राम पोखरेल

प्रमुख प्रशासकीय अधिकृत